# Millennium Challenge Account Nepal
(MCA-Nepal)


मिति : २०७६।०४।२३

**प्रेस विज्ञप्ति**

## 'मिलेनियम च्यालेञ्ज कम्प्याक्ट' सम्झौताको कार्यान्वयन २०७७ साल असार १६ देखि गरिने

काठमाडौँ, २०७६ साउन २३ ।

नेपाल सरकार तथा अमेरिकी सरकारको तर्फबाट मिलेनियम च्यालेञ्ज कर्पोरेशनबीच भएको सम्झौता 'मिलेनियम च्यालेञ्ज कम्प्याक्ट' को कार्यान्वयन (Entry into Force) आगामी २०७७ साल असार १६ गते (सन् २०२० जुन ३०) देखि गरिने भएको छ ।

नेपाल सरकारले उक्त निर्णय सम्बन्धित सम्पूर्ण मन्त्रालय, विभाग तथा कार्यान्वयनकारी निकाय मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल (एमसीए-नेपाल) सँगको परामर्शपछि अर्थ मन्त्रालयमार्फत् गरेको हो ।

नेपाल सरकारको प्रतिनिधिका रूपमा अर्थ मन्त्रालय र अमेरिकी सरकारको प्रतिनिधिका रूपमा मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसीसी) द्वारा २०७४ साल भदौमा कम्प्याक्ट सम्झौतामा हस्ताक्षर गरिएको थियो । उक्त सम्झौता अन्तर्गतका आयोजनाहरू तर्जुमा गर्नुपूर्व गरिएको आर्थिक अवरोधसम्बन्धी एक विश्लेषणले पर्याप्त तथा भरपर्दो विद्युतीय आपूर्तिको अभाव तथा अपर्याप्त सडक मर्मतसम्भारका कारण परिरहेको उच्च यातायात लागत नेपालको आर्थिक वृद्धिका सन्दर्भमा गम्भीर अवरोधका रूपमा रहेको निष्कर्ष निकालेको थियो । कम्प्याक्ट कार्यक्रमका लागि एमसीसीले ५० करोड अमेरिकी डलर तथा नेपाल सरकारले १३ करोड अमेरिकी डलर उपलब्ध गराउने प्रतिवद्धता जनाएको छ । यस कार्यक्रम अन्तर्गत दुई वटा आयोजना कार्यान्वयन गरिँदै छ - (१) चार सय केभी क्षमताको ३१८ किमि लामो प्रसारण लाइन एवं तीन वटा उच्च क्षमतायुक्त सब-स्टेशन निर्माणमा मूल रूपमा केन्द्रित विद्युत् प्रसारण आयोजना, र (२) बढीमा तीन सय किमि रणनैतिक सडकको मर्मतसम्भार कार्यमा मूल रूपमा केन्द्रित सडक मर्मतसम्भार आयोजना । कम्प्याक्टका आयोजनाहरूसम्बन्धी विस्तृत विवरण यस वेबसाइट लिङ्कमा उपलब्ध छ :
http://mcanp.org/wp-content/uploads/2019/04/Millennium_Challenge_Compact.pdf

आयोजना सफलतापूर्वक सम्पन्न गर्नका लागि आवश्यक सम्पूर्ण शर्तहरू कम्प्याक्टको कार्यान्वयन प्रारम्भ गरिनुभन्दा अघि नै पूरा गराउनका लागि एमसीसी कार्यान्वयन विधि अन्तर्गत आयोजनाको तयारी चरणमा पर्याप्त समय उपलब्ध गराइएको हुन्छ । कम्प्याक्टको कार्यान्वयन (Entry into Force) शुरु गरिएपछि सम्पूर्ण क्रियाकलाप पाँच वर्षभित्रमा सम्पन्न गरिसक्नै पर्छ; समय वा लगानी थपिने कुनै व्यवस्था छैन । कम्प्याक्ट सम्झौतालाई कार्यान्वयन चरणमा प्रवेश गराउनु अघि नै नेपाल सरकारले पूरा गर्नुपर्ने केही शर्तहरू कम्प्याक्ट सम्झौतामा निर्धारण गरिएका छन् ।

*(क्रमशः....)*

*The Government of Nepal has established MCA-Nepal on 18th April 2018*
*under Development Board Act, 2013 as the accountable entity to implement the Compact with Millennium Challenge Corporation, USA.*

**2nd& 3rd Floor, East Wing, Lal Durbar Convention Centre, Yak & Yeti Complex, Durbar Marg, Kathmandu**
**+977-01-4238353/4238392 | info@mcanp.org | www.mcanp.org**

तीमध्ये केही पूर्व शर्तहरू निम्नानुसार छन् :

१. विद्युत् प्रसारण आयोजनालाई राष्ट्रिय गौरवको आयोजनाका रूपमा घोषणा;

२. विद्युत् नियमन आयोगको गठनका लागि कानुनी बाटो खुलाउनु;

३. कम्प्याक्ट सम्झौताको संसदीय अनुमोदन;

४. आयोजना कार्यान्वयन सम्झौतामा हस्ताक्षर;

५. नेपालको बुटवलबाट भारतको गोरखपुरसम्म सीमापार प्रसारण लाइन निर्माणका लागि भारत सरकारसँगको सहमतिमा योजना तर्जुमा;

६. वातावरणीय प्रभाव मूल्याङ्कनको स्वीकृति तथा जग्गा अधिग्रहण एवं रुख कटानीका सन्दर्भमा पर्याप्त प्रगतिसहित सबै आयोजना निर्माण क्षेत्रमा पहुँच ।

पहिलो दुई वटा शर्तहरू पूरा भइसकेका छन् भने त्यसपछिका तीन वटा शर्त पूरा गर्नेसम्बन्धमा उल्लेख्य प्रगति भइरहेको छ । आयोजना क्षेत्रमा पहुँच प्राप्त गर्नका लागि वातावरणीय प्रभाव मूल्याङ्कनको मसौदा तयार गर्ने, स्वीकृति प्राप्त गर्ने, जग्गा अधिग्रहण तथा रुख कटानीसम्बन्धी कार्यहरू राम्ररी अगाडि बढिरहेका छन् ।

यसैगरी कम्प्याक्ट सम्झौता कार्यान्वयन शुरु हुनासाथ काम अगाडि बढाउनका लागि विस्तृत डिजाइनसम्बन्धी कार्य, प्रसारण लाइन मार्ग निर्धारणलाई अन्तिम रूप दिने कार्य, ठेक्काका लागि टेण्डरमा जाने कार्यदेखि ठेकेदार छनोट प्रक्रियासम्बन्धी योजना निर्माण कार्यहरू अगाडि बढिरहेका छन् ।

कम्प्याक्ट सम्झौता कार्यान्वयनका सन्दर्भमा निर्धारण गरिएको मिति अगावै सम्पूर्ण पूर्वशर्तहरू पूरा गर्न तथा सहमति बमोजिम उक्त सम्झौता कार्यान्वयन गर्नका लागि नेपाल सरकारको तर्फबाट एमसीए-नेपाल पूर्ण प्रतिबद्धता व्यक्त गर्दछ ।

यस महत्वपूर्ण लक्ष्य हासिल गर्नेसन्दर्भमा उपलब्ध पूर्ण सहयोगका लागि नेपाल सरकार तथा एमसीसीप्रति एमसीए-नेपाल कृतज्ञता व्यक्त गर्दछ भने आर्थिक वृद्धिमार्फत् गरिबी न्यूनीकरण गर्ने लक्ष्यसहितको यस उच्च महत्वयुक्त महत्वाकाङ्क्षी कार्यक्रमको कार्यान्वयनका लागि सघाउनुहुन सम्पूर्ण सञ्चार माध्यम, नागरिक समाज तथा आम सर्वसाधारणलाई अनुरोध गर्दछ ।

धन्यवाद !

**मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल (एमसीए-नेपाल)**
दरवार मार्ग, काठमाडौं, नेपाल ।